# तिलोत्तमा नगरपालिका कार्यालय

रुपन्देही

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना

सूचना नं. ०१/०७५/०७६ (खरिद)

प्रथम पटक प्रकाशित मिति २०७६।०४।२०

यस नगरपालिकाबाट चालु आ. ब.०७६/ ०७७ का लागि स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको स्टेशनरी तथा इलेक्ट्रोनिक्स सामाग्री खरीद तथा ढुवानी सम्बन्धि कार्य सिलबन्दी दरभाउपत्र द्वारा गराउनुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक फर्म/सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नका लागि यो सुचना प्रकाशित गरीएको छ ।

शर्तहरु :–

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ सप्लायर्सहरुले संचालकको नागरिकताको प्रतिलिपी, व्यबसाय नविकरण भएको इजाजत पत्र, मु. अ.कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी, २०७४/०७५ सम्मको कर चक्ता प्रमाण पत्र संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले १५ (पन्ध्रौ) दिन कार्यालय समयसम्म प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेको फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ (सोह्रौ) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र सोही दिनको २:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि खोल्ने कार्य गर्न बाधा पर्ने छैन । दरभाउपत्र दाखिला वा खोल्ने दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा दाखिला र खोल्ने कार्य हुने छ ।

३. सिलबन्दी दरभाउपत्र साथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा एन आई सि एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटि खाता हि. नं. ए ५ सि ए ५४९९५९९५२४०३ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ९० (नब्बे ) दिन म्याद भएको बिडबण्ड (धितो जमानी पत्र) संलग्न हुनु पर्नेछ ।

४. दरभाउपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्ने छ ।

५. समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

६. दरभाउपत्र मा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. दरभाउपत्र दर्ता गर्नु अगावै सम्बन्धित ब्यबसायीहरुबाट साइट निरीक्षण गरी आबश्यक जानकारी लिन सकिने छ ।

८. दरभाउपत्र को डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

९. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

१०. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

**तपसिल**

| सि.नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम (मु.अ.कर बाहेक) रु. | दरभाउपत्र जमानत रु. | दरभाउपत्र दस्तुर रु. | किसिम |
|---|---|---|---|---|---|---|
| १ | १/०७६/०७७ | स्टेशनरी सामाग्री खरीद तथा वडागत ढुवानि गर्ने कार्य | १,१०१,५३०.०० | २८,०००.०० | १००० | दरभाउ पत्र |
| २ | २/०७६/०७७ | ईलेक्ट्रोनिक्स सामाग्री खरीद तथा वडागत ढुवानि गर्ने कार्य | १,७३९,५००.०० | ४४,०००.०० | १००० | दरभाउ पत्र |

कृष्णप्रसाद सापकोटा

प्रमुख प्रशासकीय अधिकृत